नेपाल सरकार

# गृह मन्त्रालय

(राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र....शाखा)

पत्र संख्या :- ०७१।७२

प्राप्त पत्र संख्या र मिति :-

च. नं. :- ४२४

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः- २०७२/०२/०४

**विषय :- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

माननीय उपप्रधान तथा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यू, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
माननीय सहरी विकास मन्त्रीज्यू, सहरी विकास मन्त्रालय ।
श्री व्यवस्थापीका-संसद सचिवालय, सिंहदरवार ।
माननीय उपाध्यक्षज्यू, राष्ट्रिय योजना आयोगको सचिवालय ।
श्रीमान् मुख्य सचिवज्यू, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार ।
श्रीमान् सचिवज्यू, अर्थ मन्त्रालय ।
श्रीमान् सचिवज्यू, उर्जा मन्त्रालय ।
श्रीमान् सचिवज्यू, उद्योग मन्त्रालय ।
श्रीमान् सचिवज्यू, बाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्रीमान् सचिवज्यू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्रीमान् सचिवज्यू, भूमिसुधार तथा व्यवस्था मन्त्रालय ।
श्रीमान् सचिवज्यू, वन तथा भू-संरक्षण मन्त्रालय ।
श्रीमान् सचिवज्यू, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय ।
श्रीमान् सचिवज्यू, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
श्रीमान् सचिवज्यू, सहरी विकास मन्त्रालय ।
श्रीमान् सचिवज्यू, सिंचाइ मन्त्रालय ।
श्री क्षेत्रीय प्रशासन कार्यालय, सबै ।
श्री जिल्ला प्रशासन कार्यालय, भूकम्प प्रभावित सबै जिल्ला ।

२०७२ साल बैशाख १२ गते ११:५६ वजे गोरखा जिल्लाको बारपाकमा केन्द्रविन्दू बनाई ७.६ रेक्टर स्केलको भूकम्प र तत्पश्चात पटक-पटक आएको पराकम्पन समेतबाट घर पूर्ण क्षति भई बैकल्पीक व्यवस्था नभएका भूकम्प प्रभावित परिवारहरुको अस्थायी आवास राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यादेश नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२/०२/०१ को बैठकबाट स्वीकृत भएको हुँदा सो निर्णय तत्काल कार्यान्वयनको लागि आदेशानुसार अनुरोध छ ।

**संलग्न :** भूकम्प पीडितहरुको अस्थायी आवास, राहत वितरण तथा सो को अनुगमनसम्बन्धी कार्यादेश थान-१

२०७२/०२/०४

रुद्रप्रसाद खड्का
उप-सचिव

अनुसूची १

# भूकम्प पीडितहरूको अस्थायी आवास, राहत वितरण तथा सोको अनुगमनसम्बन्धी कार्यादेश

१. पीडित पहिचान :

(क) पीडितको वर्गीकरण तथा परिचयपत्र वितरणसम्बन्धी व्यवस्था जिल्ला दैवी प्रकोप उद्धार समितिले गर्नेछ।

(ख) भूकम्पबाट प्रभावित तथा पीडितहरूको पहिचान गरी पीडितको परिचयपत्र नगरपालिका तथा गाउँ विकास समितिले प्रदान गर्ने छन्।

२. पुनर्वास तथा सामुदायिक भवन :

(क) बसोबासको निमित्त अत्यन्त जोखिमयुक्त भूकम्प प्रभावित क्षेत्रका बासिन्दालाई अन्यत्र बसोबास गराउने नीति लिइनेछ।

(ख) व्यवस्थापिका संसद्मा सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको संबोधन, संसद्बाट पारित संकल्प प्रस्ताव र त्यस प्रस्तावको आधारमा गठित विपद् व्यवस्थापन, अनुगमन तथा निर्देशन, संसदीय समितिको निर्णयसमेतलाई ध्यानमा राख्दै भूकम्प प्रभावित संसदीय निर्वाचन क्षेत्रमा राहत, पुनर्स्थापनमा सघाउन, अनुगमन गर्न एवं नेपाल सरकारलाई सुझाव दिन सम्बन्धित संसदीय निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित संविधानसभा सदस्य संयोजक र संविधानसभाका अन्य सदस्यहरू सदस्य रहेको समिति गठन गर्ने।

(ग) जोखिमयुक्त वस्तीलाई पुर्नवास वा सुविधायुक्त स्थानमा स्थानान्तरण गर्नका लागि खण्ड (ख) मा उल्लिखित सभासदका अतिरिक्त, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र खानी तथा भूगर्भ विभागका विज्ञ प्रतिनिधि एवं जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय, भूसंरक्षण कार्यालय, जिल्ला प्रशासन कार्यालय र जिल्ला विकास समितिका अधिकृत प्रतिनिधिहरू सदस्य रहेको समिति गठन गर्ने।

(घ) खण्ड (ग) बमोजिमको पुनर्वास/बस्ती स्थानान्तरण समितिको कार्यक्षेत्र (TOR) देहायबमोजिम हुनेछ :

१. विनासकारी भूकम्पबाट क्षतिग्रस्त जिल्लाका बस्तीहरूमध्ये उच्च जोखिमयुक्त बस्ती/आवास क्षेत्र पहिचान गर्ने।

२. पहिचान भएका बस्तीहरूको एकीकृत तथ्याङ्क तयार गरी बस्ती बसाउन सकिने ठाउँ अर्थात आवासयोग्य क्षेत्र पहिचान गरी सोको अभिलेख तयार गर्ने।

३. सम्बन्धित जिल्लाभित्र नयाँ बस्ती बसाउन उपयुक्त आवास विकास क्षेत्र उपलब्ध नभएमा अन्यत्र जिल्लाका उपयुक्त क्षेत्र पहिचान गरी नेपाल सरकारसमक्ष काम सुरु गरेको मितिले पन्ध्र दिनभित्र सिफारिस गर्ने।

(ङ) केन्द्रीय तहमा उपर्युक्त समितिको सिफारिस संयोजन गर्ने र समितिको काममा सहजीकरण तथा अनुगमन गर्न देहायबमोजिको समिति रहने छ।

१. माननीय उपप्रधान एवं गृहमन्त्री - संयोजक
२. माननीय उपप्रधान एवं सङ्घीय मामिला तथा स्थानीय विकासमन्त्री - सदस्य
३. माननीय सहरी विकासमन्त्री - सदस्य
४. माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग - सदस्य



सचिव

५. मुख्यसचिव, नेपाल सरकार - सदस्य
६. सचिव सहरी विकास मन्त्रालय - सदस्यसचिव

(च) प्रत्येक निर्वाचन क्षेत्रमा कम्तीमा १०० देखि १५० जनासम्म बस्न सक्ने सामुदायिक घर/टहरा जिल्ला प्रविधिक कार्यालयले तत्काल निर्माण गर्नेछ। सोको लागि आवश्यक बजेट जिल्ला दैवी प्रकोप उद्धार कोषबाट उपलब्ध गराइने छ । यस्ता भवनहरू आपत्कालीन उद्धार तथा तत्काल घर भत्किएका कार्यालयका कार्यसञ्चालनजस्ता काममा प्रयोग गरिने छ र पछि स्थानीय समुदायलाई सामुदायिक भवनका लागि हस्तान्तरण गरिने छ।

३. **अस्थायी आवास अनुदान :**

(क) घर भत्केर मर्मत गरेरसमेत बस्न नमिल्ने भएका, सगोलमा अन्यत्र कतै घर नभएका र अन्य कुनै स्रोतबाट अस्थायी आवासका लागि सहयोग नलिएका भूकम्प प्रभावितलाई अनुदानका लागि योग्य मानिनेछ।

(ख) भूकम्पबाट प्रभावित जिल्लाका पीडित परिवारलाई अस्थायी आवास निर्माण गर्न प्रति परिवार उपलब्ध भएसम्म जस्तापाता र उपलब्ध नभएमा नगद पन्ध्र हजार रुपैयाँ सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिमार्फत् उपलब्ध गराइनेछ। तर यसअघि तत्कालिन राहतस्वरुप पाँच हजार रुपैयाँ उपलब्ध गराइसकिएको भएमा सो रकम कट्टा गरी बाँकी रकम भुक्तानी दिइने छ।

(ग) अनुदान वितरणका बखत उक्त रकम पछि पाउने अनुदानबाट कट्टा हुने व्यहोराको जानकारीसमेत गराइनेछ। अनुदानग्राहीले अन्यत्रबाट आवासका लागि सुविधा/राहत नलिएको र अन्यत्र आवास नभएको घोषणा गर्नुपर्ने छ।

(घ) झुट्ठा विवरण दिने, विवरण दिन सहयोग पुऱ्याउने र सहयोग लिने, झुट्ठा विवरण सिफारिस वा तयार गर्ने गराउनेलाई कानुनबमोजिम ठगीमा कारवाही चलाइनेछ। त्यस्ता व्यक्तिलाई सरकारबाट भविष्यमा दिइने कुनै पनि राहत, अनुदान, सहुलियत वा सुविधाको सूचीबाट हटाइ भूकम्प पीडितको परिचयपत्रसमेत जफत गरी सार्वजनिक गरिने छ।

(ङ) कुनै संघ संस्था वा व्यक्तिले जस्तापाता अनुदान उपलब्ध गराउने भएमा उद्योग मन्त्रालयले तोकेको स्पेसिफिकेशन र परिमाणमा मात्र उपलब्ध गराउनु पर्नेछ। यसरी उपलब्ध गराउँदा जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी सम्बन्धित जिल्ला दैवी प्रकोप उद्धार समितिमा लगत अभिलेखबद्ध गराएर मात्र वितरण गर्नु पर्नेछ।

(च) जस्तापाता उत्पादन गर्ने प्रमुख उद्योगहरूलाई चौबिसै घण्टा पूर्ण क्षमतामा सञ्चालन गर्नका लागि ऊर्जा मन्त्रालयले निरन्तर विद्युत आपूर्तिको व्यवस्था गर्ने छ।

(छ) भूकम्पबाट बढी प्रभावित जिल्लाहरूमा प्राथमिकताका आधारमा जस्तापाताको आपूर्ति सुनिश्चित गर्नका लागि प्रमुख उद्योगहरूमा सुरक्षा निकाय र उद्योग मन्त्रालयको प्रतिनिधि बस्ने व्यवस्था उद्योग मन्त्रालयले मिलाउने छ। सो टोलीले दैनिक उत्पादनको अभिलेख लिई प्राथमिकताका आधारमा जिल्ला तोकी जस्तापाता आपूर्तिको लागि उद्योगलाई निर्देशन दिनेछ। यस्तो निर्देशन दैवी प्रकोप उद्धार ऐन, २०३९ को दफा ४ बमोजिम उद्योग र सम्बद्ध सबैले पालना गर्नुपर्ने छ।

सचिव

(ज) नेपाल सरकार बाहेक अन्य कुनै व्यक्ति, संघसंस्था वा निकायबाट सहयोगमा आएको राहत सामग्री कहाँ कति मात्रामा वितरण गरिएको हो सोको विवरण जिल्ला दैवी प्रकोप उद्धार समितिमा पेश गर्नुपर्ने छ ।

४. <u>मुल्यसम्बन्धी व्यवस्था</u> :

अर्थ मन्त्रालयले उद्योग र वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गरी प्रत्येक बजार केन्द्रमा जस्तापाताको ढुवानी भाडासहितको अधिकतम खुद्रा मूल्य तय गरी तत्काल सार्वजनिक गर्नेछ । यसरी तोकिएको मुल्यभन्दा बढी मूल्य लिई बिक्री गरेको पाइएमा त्यस्ता उद्योगी तथा विक्रेतालाई कानुनबमोजिम कारवाही गरिनेछ ।

५. <u>जस्तापाताको निर्यातसम्बन्धी व्यवस्था</u> :

भूकम्प पीडितलाई सहज र सरल तवरबाट जस्तापाता उपलब्ध नभएसम्मका लागि नेपालबाट जस्तापाता विदेश निर्यात बन्द गरिनेछ तर यसपूर्व प्रतितपत्र खोलिसकेको हकमा वाणिज्य तथा आपूर्ति मन्त्रालयले सो परिमाणमा मात्र निर्यात गर्न अनुमति दिनेछ ।

६. <u>अन्य व्यवस्था</u> :

(क) जिल्ला दैवी प्रकोप उद्धार समितिले वितरण गरेको रकमको विवरण साप्ताहिक रूपमा सार्वजनिक गर्नुपर्ने छ ।

(ख) जिल्ला दैवी प्रकोप उद्धार समितिले रकम वितरण गर्दा सम्बन्धित स्थानीय निकायहरूको सहयोग लिनसक्ने छ ।

(ग) रकम वितरण गर्न सहयोगका लागि जिल्ला खटिएको कर्मचारी तथा राहत रकम वितरणमा खटिने स्थानीय निकायका कर्मचारीहरूलाई आवश्यक सुरक्षाको प्रबन्ध स्थानीय प्रशासनले मिलाउने छ ।

सचिव